# प्रकृतिको अनुपम उपहार - वैकाल ताल

स्वामी आनन्द अरुण

चर्चिलले भनेका रहेछन् - 'रसिया बुझ्नै नसकिने रहस्यले बेरिएको एक अबुझ भूमि हो' । त्यसमा पनि यसको ठूलो क्षेत्रफल ओगटेको अनौठो भूमि साइबेरिया अझ अबुझ र रहस्यमय छ । जाडोमा शुन्यभन्दा तल ५० डिग्रीसेन्डिग्रेडसम्म पुग्ने र गर्मीमा करिब ३५ डिग्रीसम्म पुग्ने यस क्षेत्रको भौगोलिक बनाबट अच्चम लाग्दो छ । युद्ध नै युद्धको इतिहास बोकेको यस देशमा साइबेरिया जारशाहीका बेला देखि समाजवादको घनघोर प्रयोग भएको सोभियत समयसम्म आफ्ना विरोधीहरूलाई तह लगाउन निवार्सनमा पठाउने भयप्रद गन्तव्यको रूपमा चिनिन्थ्यो । त्यहाँका सबै शहरहरू निवार्सित व्यक्तिहरूले नै बसाएका हुन् । प्राकृतिक सम्पदाको प्रचुर खानी भएको यस क्षेत्रमा कामदारका रूपमा शासकको वक्रनजरमा परेकाहरूलाई लगिन्थ्यो र उनीहरूलाई विभिन्न कठिन कामहरूमा लगाइन्थ्यो ।

रुस प्राकृतिक रूपले अति सुन्दर र मनुष्यको प्रतिभाले सिंगारिएको अत्यन्त आर्कषक देश हो । तापनि साम्यवादको विगतबाट आएको मनोवृत्तिले गर्दा पर्यटन विकासमा यसको कुनै अभिरुचि देखिंदैन । तेलको मूल्यवृद्धिले अकुत सम्पति आर्जन गरेको यो देशले उद्योग, वाणिज्य र पर्यटन विकास गर्नुपर्ने कुनै बाध्यता देखेको छैन । त्यसकारण एक समयमा रुसभन्दा धेरै पछि परेको र रुसबाट हरेक क्षेत्रमा सहयोग पाएको चीनले रुसलाई लगभग हरेक क्षेत्रमा उछिनिसकेको छ । चीन र भारतलाई आफ्नो विशाल जनसंख्यालाई पाल्नु परेकोले पनि अहिले दुबै देश हरेक क्षेत्रमा द्रुत गतिमा विकास गर्न बाध्य छन् । तर संसारको चौथाई भुभाग ओगटेरपनि मात्रै साढे बाऱ्ह करोड जनसंख्यालाई पाल्नलाई यसको ग्यास, तेल र खनिज पदार्थ कै प्रचुर भण्डारले पुग्छ ।

पर्यटकहरूलाई आउन ठूलो प्रशासकिय झमेला खडा गरिएको भएपनि रुसको अतुलनिय प्राकृतिक सौदर्न्य र संस्कृतिले गर्दा ती सबै अवरोधहरू पार गरेर केही व्यक्तिहरू यहाँ घुम्न आएको पाइन्छ । त्यहाँ आउने अधिकांश पर्यटक मध्येपनि मस्को र सेन्टपिटरस्वर्ग मै घुमेर सन्तुष्ट हुन्छन् । यी दुबै शहरहरू रसियाका ठूला शहरहरू हुन्, जसमा केही पर्यटकिय सुविधाहरू उपलब्ध छन् । अझ कोही साहस जुटाएर घुम्नै खोज्यो भने ऊ नजिकको भ्लादिमिर र नोभोगोरदसम्म पुग्छ । सुदूर साईबेरिया घुम्न त विरलै कोही जान्छ । किनभने त्यहाँ रुसीभाषाभन्दा अन्य भाषा जान्ने विरलै भेटिन्छन् र विदेशी पर्यटककालागि चाहिने पूर्वाधारको पूर्णतः अभाव छ । दुर्लभ प्राकृतिक सौन्दर्यताले यो क्षेत्र परिपूर्ण छ र कुनै दिन रुसले पर्यटकको आवागमनलाई सहज बनाएर साइबेरियाको पर्यटनलाई अतिकति मार्केटिंग गऱ्यो भने यो संसार कै सबभन्दा बढी पर्यटक भित्र्याउने क्षेत्रको रूपमा विकसित हुनेछ ।

परमात्माले अथाह सौन्दर्य र आर्कषण दिएपनि मनुष्यले चाह्यो भने आफूलाई अनार्कषक र दरिद्र बनाएर राख्न सक्छ । यसमा हाम्रो देश नेपाल शायद पहिलो नम्बरमा पर्ला । तर यसको विपरित परमात्माले केहीपनि नदिएपनि आफ्नो श्रम, प्रतिभा र प्रविधिले आफूलाई सम्पन्न र संसार कै आकर्षक गन्तव्य बनाएर बाँच्ने कला पनि मानिससँग छ र त्यसको सुन्दरतम उदाहरण म पुगेका मध्ये सिंगापुर, हंगकंग हुन् ।

दुई वर्षभित्र म पाँच पटक रुस पुगे र रुसका जति क्षेत्र हामीले घुम्यौं त्यति कमै रुसीहरूले पनि घुमेका होलान् । शुरु देखि नै मैले साइबेरियाको बैकाल तालको बारेमा धेरै पढेको, सुनेको र त्यसको अलौकिक सौन्दर्यको फिल्म हेरेको थिए र मेरो मनमा त्यस क्षेत्रको यात्रा गर्ने अभिप्सा हरेकपटक वलवति हुँदै गइरहेको थियो । तर त्यो धेरै टाढा र स्वयम् मस्कोबाट नेपालभन्दा पनि पूर्व पर्ने भएकोले यात्राको तारतम्य मिलिरहेको थिएन । मस्कोबाट अतितिव्र ट्रान्स-साइबेरियन रेलबाट त्यहाँ पुग्न ५ दिन लाग्ने रहेछ । तपाईं यदि रुसी भाषा जान्नु हुन्न र साकाहारी हुनुहुन्छ भने त्यहाँ नगएवेश भन्ने सबैले सुझाव दिन्थे । यसपालि हामी पहिले बैकाल पुग्ने अनि मात्र अरु शहरको भ्रमण गर्ने अठोट लिएर मस्कोबाट साढेपाँच घण्टा सिधै उडेर इरकुट्स्क उत्रियौं । इरकुट्स्क पुरानो शैलीका काठका घरहरूको देखिने ६ लाख जनसंख्या भएको सानो शहर हो । इरकुट्स्कमा केही पूर्विय साधनामा उत्सुक मित्रहरू फेला परे र उनीहरूकै प्रयासमा एक सानो सत्संगको आयोजना गरियो । ध्यान र ओशोको बारेमा प्रवचनपछि १५ रुसी मित्रहरू दीक्षाका लागि तयार भए । यो एक सुखद आश्चर्य भयो र उनीहरू कै प्रयासमा त्यहाँ एक सानो ओशो ध्यान केन्द्र सक्रिय छ जहाँ नियमित ध्यान भइरहेको छ । सुदूर नेपालबाट ध्यान गराउन कोही आएको थाहा पाएर त्यहाँको स्थानिय टिभि पनि ओशो तथा साधना पद्धतिको बारेमा बुझ्नका मेरो अन्तरवार्ता लिन आयो जुन प्रसारित पनि गरेछन् । त्यो प्रसारणपछि मेरो यात्राको बारे अझ प्रचार भएछ । म बैकाल नपुग्दै यस सुदूर क्षेत्रको यात्राको प्रतिफलन मलाई पहिले नै प्राप्त भइहाल्यो र त्यस आशै नगरेको क्षेत्रमा अनेक मेरा आत्मिय मित्रहरू र ओशोप्रेमीहरू पैदा भइहाले ।

बैकाल ताल अति विशाल भएकोले त्यसको किनारमा कहाँ गएर बस्ने भन्ने निर्णय गर्नुपनि अप्ठ्यारै रहेछ । स्थानिय मित्रहरूको सहायताले हामीले बैकाल ताल बीचमा अवस्थित अल्होन भन्ने टापुमा बस्ने निश्चय गरयौं । सो टापु ७२ किमि लामो छ र बैकालको मुटु मानिन्छ । यो भौगोलिक, इतिहासिक र पवित्र स्थान मानिन्छ । यो टापु धेरै कथा, मिथकको केन्द्र तथा बैकालको आत्माको बासस्थानको रुपमा प्रसिद्ध छ । यसका मुख्य रैथानेहरू शमन धर्म मान्ने बुरयातिहरू हुन् । यो धर्म मृतलोकका आत्मा तथा प्रकृतिको पुजा गर्ने हाम्रो यहाँ भएको झाक्री परम्पराजस्तै हो । यो क्षेत्र रुसी गणराज्यको स्वशासित राज्य बुरयातियामा पर्छ जसमा बुद्ध धर्म र शमनधर्म मान्नेहरूको बाहुल्य छ । यसमा करिब २ हजारको बसोवास छ । इरकुट्सबाट ५ घण्टाको डाइभबाट हामी टापुको हृदयमा अवस्थित निकिता गेष्ट हाउसमा आइपुग्यौं । कोठा र वाथरुम अति साधारण देखेपछि एकछिन मन खिन्न भयो । तर त्यो भन्दा राम्रो त्यो क्षेत्रमा अन्य कुनै स्थान नभएकाले हामीले त्यही बस्ने निधो गरयौं । कुनै बेला रुसका टेबलटेनिसका च्याम्पेन तथा प्रकृतिप्रेमी निकिता र उनकी सुन्दर पत्नि नतालिया मस्कोको कोलाहलमा बस्न नसकी सुदूर साइबेरियामा आई प्रकृतिको काखमा सानो गेष्ट हाउस चलाएर बसेका रहेछन् । यी दम्पती भद्र र सज्जन लागे । पैसा कमाउने व्यवसायिकता उनमा थिएन । हामी साकाहारी हौ भन्ने थाहा पाएपछि साकाहारी भोजनको पनि व्यवस्था गरिदिए । बेलुका हामी घुमेर फर्किदा डायनिंग हलमा एकरडियनमा हिन्दी फिल्मी धुन बजेको सुन्यौं । प्रत्येक रात्रि त्यहाँ पर्यटक र गेष्ट हाउसका मित्रहरू भेला भएर नाच गान गर्दा रहेछन् । सोवियत संघमा कुनै बेला भारतीय फिल्महरू खुब लोकप्रिय थिए । पुराना पुस्ताले राजकपुर र त्यसपछिकाले मिथुन चक्रवर्तीलाई राम्ररी चिन्दा रहेछन् । गेष्ट हाउसको वातावरण बडो सौहार्दपूर्ण थियो । लामो बस्ने पाउनाहरूको पैसा कम भएमा भान्छामा खाना पकाउन र बाड्ने कार्यमा सहयोग गररै केही युरोपेली दम्पतिहरू त्यहाँ सित्तैमा बसेका पनि देखिए ।

बैकाल ताल प्रकृतिको एउटा चमत्कारै हो। यसको निलो पानीको विशालता, जलको शुद्धता, वरिपरीको प्रकृतिक निर्वस्त्र छटा देखेर हाम्रो मन नतमस्तक हुन बाध्य हुन्छ। यसको लम्बाई नेपालको लम्बाइ भन्दा थोरै मात्र कम छ - ६५० किमि। चौडाइ ४० किमि र गहिराई १६३७ मि छ।
संसारमा सम्पूर्ण पानीको मात्राको आधा प्रतिशत मात्रै पेय जल छ र पृथ्विमा भएको कुल पेय जलको २० प्रतिशत यो एकै तालमा सुरक्षित छ। तालको पानी जहाँपनि कञ्चन र आश्चर्यलाग्दो रुपमा पारदर्शी छ र जहाँबाट पनि पानी लिएर पिउन मिल्छ। यो विशाल जलाशयमा २२ वटा ठूलासाना टापुहरू छन् र यसमा ३ सय साना खोलानाला आएर मिल्छन्।

यस क्षेत्रमा १५५० प्रकार जीवहरू बास गर्छन्। यसको सौन्दर्य र बिशालता देखेर युनेस्कोले यसलाई विश्व सम्पदा सुचीमा सामेल गरेको छ। यो ताल ३ करोड ५० लाख वर्ष अघि बनेको मानिन्छ। प्राकृतिक दृष्टिकोणले अमेरिका पनि अत्यन्त सुन्दर राष्ट्र हो। त्यहाँपनि सुन्दर तालहरू छन्। तर अमेरिकाका सबै तालको पानी मिलाएर पनि बैकाल त्यो भन्दा धेरै ठूलै हुन्छ। जाडोमा ताल डेढ मिटर सतहसम्म पुरै जम्छ र यसमा माथि गाडी र अन्य सवारी साधनहरू गुडने गर्छन्। ताललाई चारैतिर सयौं प्रकारका वनस्पतिले भरपुर जंगल, सुन्दर हरियाली पहाडी र हरियो मैदानले घेरेका छन्। त्यस्तो प्रकृतिको निशब्द मौनमा प्रयासै नगरी मनशान्त स्वतः भएर आउँदो रहेछ र गहिरो ध्यानको गहिरो अनुभूति हुँदोरहेछ। त्यहाँ पुगेपछि त्यो ठाउँलाई छोडेर फर्किन मन लाग्दैन। अन्य शहरहरूमा कार्यक्रमहरू पूर्वनिश्चित नभएको भए म महिनौ त्यहाँ बस्ने थिए होला।

त्यहाँको निःशब्द सौन्दर्यले मलाई यति अभिभूत गरयो कि अर्को गर्मी म यहाँ आएर दुइ महिना चुपचाप ध्यान गर्छु भने भाव उठ्यो। यो सुनी रुसी मित्रहरू प्रसन्न भए र भने - हामी सबै व्यवस्था मिलाउछौं, हामीपनि तपाईसगै यही आएर बस्छौं। नेपाल फर्केर यहाँको व्यस्तता र भविष्यमा हुने युरोपकै शिविरका कार्यक्रमहरू देखेपछि त्यो त अपरिमित सौन्दर्यको प्रभावमा उठेको क्षणिक भावावेश मात्रै लाग्यो। अब त्यति टाढा यो जीवनमा फेरि पुगिएकाला कि न पुगिएला ? तर त्यो विशाल जलाशयको किनारामा विताएको पाच दिनका सुखद अनुभूति जीवनभरी विर्सन सकिंदैन।

osho@tapoban.com
Oct 29, 2007